महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रूपा गाउँपालिका

कास्की

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
रूपा गाउँपालिका
कास्की



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको

वार्षिक प्रतिवेदन

२०७९

रूपा गाउँपालिका

कास्की

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७९।८०
च.नं. ५४

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
रुपा गाउँकार्यपालिकाको कार्यालय,
कास्की ।

कैफियत सहितको राय

हामीले रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ४ करोड १९ लाख ३० हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने बेरुजु रू २४ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९७ लाख ०७ हजार, नियमित गर्नुपर्ने रु ६८ लाख ८६ हजार र पेश्की रु २ करोड २९ लाख २० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ५ करोड २२ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ९ करोड ४१ लाख ७८ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँकार्यपालिका, अध्यक्ष/प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

रुपा गाउँपालिका गोरखा

चालु वर्षको बेरुजु २०७८।७९

१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
३४	५४	४१९३०	०	०	०	३४	५४	४१९३०	२४१९	६८८६	९७०६	०	०	१६५९१	२२९२०

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

पालिकाको नाम	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्यौंट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपा गाउँपालिका कास्की	५२२४८	०	०	५२२४८	०	४१९३०	९४१७८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : रुपा गाउँपालिका, कास्की , रुपा गाउँपालिका , कास्की

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सन्तोष ढुंगाना	२०७७-५-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	लेखनाथ अधिकारी	२०७९-६-२	हाल सम्म कार्यरत
		बेरुजु रकम	४१,९२९,५०६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८,९०,४५,३८५	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२९,६८,६२,०१२	**चालु खर्च**	२६,५०,८२,३५९
प्रदेश सरकारबाट अनुदान	१,३७,७६,०६३	**पूँजीगत खर्च**	९,३२,१५,५३६
राजश्व बाँडफाँट	५,६१,२३,३९१	**वित्तीय/अन्य व्यवस्था**	१०,९३,९९,४७०
आन्तरिक आय	१,३६,५४,६०९		
अन्य आय	१०,९७,८४,७३५		
कुल आय	४९,०२,००,८१०	**कुल खर्च**	४६,७६,९७,३६५
बाँकी मौज्दात		११,१५,४८,८३०	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढीकरण गरी स्थानिय तहमा विधायिकि,कार्यकारिणी तथा न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानिय सरकारको संचालन गर्ने उदेश्यले यस रुपा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकार्य,सहअस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानिय सरकारका काममा जनसहभागिता,उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रुपा गाउँपालिकाको उदेश्य रहेको छ ।	
२			**लेखापरिक्षण** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढीकरण गरी स्थानिय तहमा विधायिकि,कार्यकारिणी तथा न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानिय सरकारको संचालन गर्ने उदेश्यले यस रुपा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकार्य,सहअस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानिय सरकारका काममा जनसहभागिता,उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रुपा गाउँपालिकाको उदेश्य रहेको छ ।	
३			**वित्तिय विवरण**	

प्राप्ती भुक्तानी हिसाव

विवरण	यस वर्ष रु.		
	बजेट	प्राप्ति/ भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	४७५१३८२५९	३८६१९४११८.९८	३८६१९४११८.९८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	४६८३४८७८९	३८२७४३५१६.९८	३८२७४३५१६.९८
११००० कर	६५८४७०००	६०१४८३६९.८३	६०१४८३६९.८३
१३००० अनुदान	३९१५३६७८९	३१२६८८०७५.१५	३१२६८८०७५.१५
संघीय सरकार	३६६१५२०००	२९६८६२०१२.१५	२९६८६२०१२.१५
प्रदेश सरकार	१८९२३०००	१३७७६०६३	१३७७६०६३
अन्तरिक श्रोत	६४६१७८९	२०५००००	२०५००००
१४००० अन्य राजस्व	१०९६५०००	९६२९६३२	९६२९६३२
१५००० विविध प्राप्ति	०	२७७४४०	२७७४४०
ख. अन्य प्राप्ति	६७८९४७०	३४५०६०२	३४५०६०२
कोषहरु	६७८९४७०	६७८२१४	६७८२१४
धरौटी	०	२७७२३८८	२७७२३८८
भुक्तानी (ग+घ)	५७३४५३७८३.१	३६३५९०६७४.२७	३६३५९०६७४.२७
ग. भुक्तानी (सञ्चित कोषबाट)	५६६६६४३१३.१	३५८२९७८९६.२७	३५८२९७८९६.२७
२१०००पारिश्रमिक / सुविधा	६११५४०००	४९२२२७८८.९	४९२२२७८८.९
२२०००मालसामान तथा सेवाको उपयोग	१२४४७८०००	९३४०३७६१.२३	९३४०३७६१.२३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

२६०००अनुदान	१२७१२८०००	११६९३३३१६.६४	११६९३३३१६.६४
२७०००सामाजिक सुरक्षा	५४३१०००	४५१००००	४५१००००
२८०००अन्य खर्च	१६०२४२०	१०१२४९२	१०१२४९२
३१०००गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२४६८७०८९३.१	९३२१५५३७.५	९३२१५५३७.५
घ. अन्य भूक्तानी	६७८९४७०	५२९२७७८	५२९२७७८
कोषहरु	६७८९४७०	४१७२२६०	४१७२२६०
धरौटी	०	११२०५१८	११२०५१८
ङ. यो वर्षको बचत (न्युन)	-९८३१५५२४.१	२२६०३४४४.७१	२२६०३४४४.७१
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		८८९४५३८५.६५	८८९४५३८५.६५
वर्षान्तको बाकी रकम (ङ + च)	-९८३१५५२४.१	१११५४८८३०.३६	१११५४८८३०.३६
बैंक तथा नगद बाकी		१११५४८८३०.३६	१११५४८८३०.३६

अन्तरसरकारी वित्तिय हस्तान्तरणतर्फको आम्दानी तथा खर्चः

आम्दानी शिर्षक	रकम	खर्च शिर्षक	रकम
सामाजिक सुरक्षा तथा संरक्षण	१०९७८४७३४	सामाजिक सुरक्षा तथा संरक्षण	१०९७८४७३४

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा महंगी भत्ता, पेश्की असुली शिक्षातर्फको वढी निकासा सामाजिक सुरक्षा तथा शर्शत तर्फ वढी भुक्तानी र पारीश्रमिक कर वापतको रु ३३०४००६।०० असुल भई दाखिला भएको छ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**वित्तिय विवरण:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक देखि आगामी वर्षको असारमसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोहि ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ ।यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन । · स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमकव आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले ०७६।०२।१९ मा महालेखापरीक्षकबाट स्विकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ । · पालिकाले गत वर्षको जिम्मेवारी रकम अल्या गर्दा रु ९१२८५८९७।६५ सार्नुपर्नेमा रु ८८९४५३८५।६५ मात्र अल्या गरेकोमा बाँकी रकम रु २३४०५१२।६५ कार्यालयको कार्यालय संचालन कोषतर्फ आम्दानी जनाई अल्या सारेको छ । · स्थानीय कोषको संचालन व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ ।	
६			**बैंक हिसाब मिलान** स्थानिय तह सरकार संचालन ऐन २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले संचालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन ।पालिकाले वैक हिसाव मिलान विवरण तयार गरी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ।	
७			**आन्तरिक नियन्त्रण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । · पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । · पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। · कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । · राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । · स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । · दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । · पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले नगरपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन । · वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन। · मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। · कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । · सार्वजनिक खरिद नियमावली, २०६४को नियम ७र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। · स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। · ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। · स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । · सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । · यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शिर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन । · वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । · निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको, · विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको, · वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको, · स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । · सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वियनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन । · निजामती सेवा ऐन, २०४९को दफा ५ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । · वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको, · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको, · स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको, · सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको, · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको, · निजामती सेवा ऐन, २०४९को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको, तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।	
९			**योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।	

क्र सं	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमका योजना	६४	५७००००००
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	१४४	४०८२७०००
३	रु ५ लाख एक देखि १० लाख सम्मका योजना	९	६६००००००
४	दश लाख एक देखि ५० लाख सम्मका योजना	५	१६००००००
५	५० लाख भन्दा माथिका योजनाहरु	४	५०३००००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>

चौमासिक पूँजीगत खर्च -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ४५.४२ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

<table>
<tr><td rowspan="2">खर्च शिर्षक</td><td colspan="2">जम्मा</td><td colspan="2">प्रथम चौमासिक</td><td colspan="2">दोश्रो चौमासिक</td><td colspan="2">तेस्रो चौमासिक</td><td rowspan="2">असारको खर्च</td></tr>
<tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td></tr>
<tr><td>विभिन्न</td><td>२४६८७०८९३.१</td><td>९३२१५५३७.५</td><td>८८५०४२११</td><td>१००१३६४८</td><td>५९४१३५८०</td><td>१३८४३०५८.५</td><td>७८३८८१०२.१</td><td>६९३५८८३१</td><td>४२९२७२५२</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१००</td><td></td><td>१०.७</td><td></td><td>१४.९</td><td></td><td>७४.४</td><td>४६.१</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>

क्षेत्रगत बजेट र खर्च-

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

<table>
<tr><td>मुख्य क्षेत्र</td><td>वार्षिक वजेट</td><td>खर्च रकम</td><td>कुल खर्च मध्ये प्रतिशत</td></tr>
<tr><td>आर्थिक विकास</td><td>४३३७४९०१</td><td>३६२५९६४८।६</td><td>८३.६०</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>२९०४७२३८२।१</td><td>२४५००८८२१</td><td>८४.३५</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>१६२७३३२९६।९</td><td>९६६६०६४८।४</td><td>५९.४०</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>१७६४१७९३</td><td>१४२७०१५६</td><td>८०.८९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१५००४६४१३।४</td><td>११८२५४०१५</td><td>७८.८१</td></tr>
<tr><td>जम्मा</td><td>६६४२६८७८७।३</td><td>५१०४५३२८८।९</td><td></td></tr>
</table>

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
१३			**कार्यक्रमगत प्रगतीः**	

पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वियनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	विनियोजन हजारमा	खर्च
कर्मचारीको बैठक भत्ता स्वास्थ्य चौकी	७२०००	०
मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च इन्धन - स्वास्थ्य चौकी	९६०००	०
सरसफाई सामग्री खरिद कार्यक्रम	५०००००	०
कर्मचारी तालिम खर्च	२०००००	०
स्थानिय बालमैत्रि वडा घोषणा कार्यक्रम	२०००००	०
वृक्षारोपण कार्यक्रम	३०००००	०
भुमी समस्या समाधान आयोग	२०८०००	०
विविध कार्यक्रम खर्च	१३९३०००	०
अन्य सामाजिक सहायता	१०००००	०
२ नं. वडा कार्यालय भवनमा ट्रस निर्माण	५०००००	०
एम्बुलेन्स खरिद	१२०००००	०
सोलार बत्ती जडान	८०००००	०
प्रशासकीय भवनको लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन	२०७९०००	०
सुनार वस्ती सामुदायिक वस्तीको भण्डारण कोठा निर्माण	३०००००	०
वडा स्तरीय मेलमिलाप केन्द्र व्यवस्थापन र फर्निचर खरिद	११६०००	०

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
			पिपरतालमा मन्दिर निर्माण	१०००००	०	
			अतिरिक्त प्रोत्साहन भत्ता	१२७०००	०	
			कामका लागि पारिश्रमिक अनुदान (थप)	१३५५०००	०	
			केश बेशको आधारमा जोखिम भत्ता लगायत कर्मचारी व्यवस्थापन र सो सँग सम्बन्धित औषधीजन्य सामग्रीहरु समेत आवश्यक व्यवसथापन शोधभर्ना	४६२०००	०	
			आ.व. २०७७/७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता	१२०००००	०	
			कक्षा ९-१२ मा अध्ययनरत विपन्न लक्षित छात्रवृत्ति	१०९४०००	०	
			कोभिड-१९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, 2078 बमोजिम हुने गरी अधिकतम लाभग्राही परिवार संख्या 387लाई रू.10 हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ	३८७००००	०	
			लास्ती खोला, खानीपानी मुहान झो.पु, भुजेलथर खहरे खोल्सा झो.पु, माछापुच्छ्रे गाउँपालिका, कास्की	१५०००००	०	
			लाहाचोक खानेपानी आयोजना	११६०००००	०	
			धिताल खानेपानी आयोजना	४६०००००	०	
१३			**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ ।पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७१६ तथा मृत्यु दर्ता २६६ वटा, नाता प्रमाणित ८९२ वटा, नागरीकता शिफारिश १४३४ वटा, वसाईसराई ६९ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ साथै सेवाको लागत घटाइ समय व्यवस्थापन गर्न सूचना प्रविधिमा आधारित सेवा प्रवाहलाई जोड दिनुपर्दछ ।			

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**करार सेवा** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले यस वर्ष पालिका, रुपाकोट अस्पतालतर्फ १७ कर्मचारी करारमा राखि रु. ४१६३२५०।०० खर्च लेखेको छ । करार कर्मचारीहरुमध्ये २ जना कम्प्युटर अपरेटर ,१ जना खापासटे, १ जना सव रेडियोग्राफर, १ जना सहायक कम्प्युटर अपरेटर, १ जना अमिन र स्वास्थ्य तर्फ ११ जना करारमा नियुक्ति गरी खर्च लेखेको छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि कर्मचारीको स्थायी पदपुर्ती गर्नुपर्दछ।	
१५			**अबण्डा बजेट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले चालु शीर्षकमा ३९ लाख ५० हजार तथा पुँजिगततर्फ ७० लाख ३९ हजार गरी एकमुष्ट रुपमा रु १ करोड ९ लाख वजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।	
१६			**नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा ३६ ले नक्सापासको लागि निवेदन दिएकोमा २५ लाइ अन्तिम चरणको नक्सापास सम्पन्न दिएको छ। पालिकाले आफ्नो क्षेत्रिभित्रको घरहरुको अभिलेख नराखेको तथा हालसम्म भएका नक्सापासको समेत अभिलेख नराखेको हुँदा नक्सा पास नभएका घरको संख्या एकिन हुन सकेको छैन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ ।	
१७			**कानुन निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १३ ऐन, ५नियमावली, ३निर्देशिका १ आचारसहिता, ३८कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८			**पेश्कीको विवरण फरक परेकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। कार्यालयको असार मसान्तसम्मको चालु तथा पुँजिगत खर्चतर्फको वैक नगदी कितावको पेश्की महलमा वाँकी पेश्की रकम रु२९३७४२०७।०० रहेकोमा फछ्यौट गर्न वाँकि पेश्कीको मास्केवारीमा रु २८६०४६२४।०० देखिएकोले फरक परेको पेश्कीको सम्वन्धमा एकिन गर्नुपर्ने रु	७६९,५८३
१९			**न्यायीक समिति –** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ११ र यो बर्ष थप भएको २४ गरी कुल ३५ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई २९ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
२०			**खाना तथा विविध खर्च –** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शिर्षकवाट 36 लाख 54 हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानाकारी गराएको छ।।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२१			**आर्थिक सहायता** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको वित्तीय समानीकरण चालुको नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. २७६००० आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले आर्थिक सहायता मापदण्ड एंव कार्यविधिको पालना नगरेको, ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको तथा सम्वन्धित वडाध्यक्षहरुको सिफारिसमा समेत सहायता दिएको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिकाले आर्थिक सहायतामा २ लाख ७६ हजार खर्च लेखेको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	गो भौ न र मिति	आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम	सहायता रकम	बेरुजु रकम
				३०।२०७८।०६।२०	जीवन कुमाल	१४०००	
				३५।२०७८।०६।२०	लोक प्रसाद अधिकारी	२००००	
				४०।२०७८।०६।२२	दुर्गामाया अस्लामी	१५०००	
				४२।२०७८।०६।२४	नारायण ओझा	३५०००	
				४७।२०७८।०६।२४	पन्धलाल कुमाल	२००००	
				६०।२०७८।०७।०४	विमलामाया कुमाल	२५०००	
				६१।२०७८।०७।०४	दिपेन्द्र गौतम	२५०००	
				६२।२०७८।०७।०४	खिममाया परियार	१५०००	
				६३।२०७८।०७।०४	दुर्गामाया	१५०००	
				६४।२०७८।०७।०४	केशर बहादुर थापा	१००००	
				६५।२०७८।०७।०४	जंग बहादुर मल्ल	१२०००	
				६७।२०७८।०७।०४	बुद्धि बहादुर सुनार	१००००	
				६८।२०७८।०७।०४	अनिता सुनवार	१००००	
				६९।२०७८।०७।०४	विकास ओझा	१५०००	
				७०।२०७८।०७।०४	विन बहादुर खड्का	१००००	
				७१।२०७८।०७।०४	प्रकाश नेपाली	१००००	
				७२।२०७८।०७।०४	गर्व बहादुर सार्की	१५०००	
				जम्मा		**२७६०००**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२२			**तोक आदेशबाट खर्च** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ मा स्थानीय तहले वार्षिक बजेट सभाबाट पारित गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले अध्यक्षको तोकादेशमा चालुतर्फ रु ३३२९५५२ र पुँजीगततर्फ रु ३१८४५८७ सहीत रु ६५१४१३९.०० खर्च गरेको छ ।ऐनको व्यवस्था बमोजिम सभाबाट बजेट विनियोजन गरेर खर्च गर्नुपर्नेमा अबण्डा बजेट राखी पालिका अध्यक्षको तोकादेशमा खर्च गर्नु नियमसंगत देखिदैन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
२३			**पेश्की वाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। कार्यालयको असार मसान्तसम्म देहायवमोजिम पेश्की वाँकि रहेकोमा हालसम्म फछ्यौट नभएकोले समयमै पेश्की फछ्यौट गर्नुपर्ने देखिएको रु.	२२,१५०,०००

गो. भौ. न.	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	रकम
७२	सांखर गडुवा खानेपानी आयोजना वडा नं. ४ जि स सको बजेट गत आ.व २०७७.७८को अल्या रकम	दिपज्योती निर्माण सेवा	४५४५६८.
११९	रामकोट रामदी मोटरमार्ग (खण्ड ख)	आभा बिल्डर्स प्रा.लि.	८०२६८८.
१४३	रामकोट रामदी मोटरमार्ग (खण्ड ख)	आभा बिल्डर्स प्रा.लि.	३९७३१२.
१७९	वडा कार्यालय भवन निर्माण वडा नं. २ को जि स सको गत आव २०७७.७८को अल्या रकम	काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि.	१५००००० .
७	वडा नं. १, ४ र ७ जोड्ने सडक	इको जोन आर्किटेक्ट एण्ड कन्स्ट्रक्सन प्रा. लि.	५९००५६.
			३७४४६२४.
३३	विद्यालय कक्षाकोठा निर्माण अनुदान(दुइ कोठे तथा ४ कोठे)	श्री चण्डी आधारभूत विद्यालय	५९४०००.
३३	विद्यालय कक्षाकोठा निर्माण अनुदान(दुइ कोठे तथा ४ कोठे)	श्री माई मैदान आधारभुत विद्यालय	५९४०००.

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
			४५	विद्यालय IT Lab स्थापना सुदृढीकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान	श्री शिवालय माध्यमिक विद्यालय	६५००००.	
			४८	विद्यालय कक्षाकोठा निर्माण अनुदान(दुइ कोठे तथा ४ कोठे)	श्री चण्डी आधारभूत विद्यालय	१२०६०००.	
			४८	विद्यालय कक्षाकोठा निर्माण अनुदान(दुइ कोठे तथा ४ कोठे)	श्री माई मैदान आधारभुत विद्यालय	१२०६०००.	
			४९	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण	श्री रामकोट माध्यमिक विद्यालय	७०००००.	
			४९	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण	श्री रामकोट माध्यमिक विद्यालय	९३०००००.	
			१७४	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्री रामकोट माध्यमिक विद्यालय	५००००००.	
			१७५	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान	श्री चन्द्रप्रभा माध्यमिक विद्यालय	६५००००.	
			७६	भिरचोक हात्तीमैता मोटरमार्ग स्तरोन्नती रुपा ६	भिरचोक हात्तीमैता मोटरमार्ग स्तरोन्नती उपभोक्ता समिति	१५०००००.	
			७७	कबर स्थान संरक्षण मियागाउँ वडा ६	कब्रस्थान संरक्षण समिति	१५००००.	
			९२	सिद्ध मन्दिर निर्माण रुपा ४	सिद्ध मन्दिर निर्माण समिति	२१००००.	
			१२२	अकला देवी मन्दिर संरक्षण तथा मर्मत वडा नं. ३	अकला देवी मन्दिर संरक्षण योजना	९०,०००.००	
			१४४	तालवेशी हाङ्गेबाङ्गे रामकोट माझबेशी ठुलवेशी सडक ग्राभेल	तालवेशी हाङ्गेवाङ्गे रामकोट माझवेशी ठुलबेशी सडक ग्राभेल	३०००००.	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>विज्ञापन शुल्कमा छुट
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता अपनाउनुपर्ने व्यवस्था छ । विभिन्न पालिकाहरुले पत्रिकामा प्रकाशन गरिने सूचनाको लागि शिलबन्दी दरभाउपत्र मार्फत सबैभन्दा बढी छुट दिन सक्ने राष्ट्रिय दैनिक पत्रिकाको नाम, छुट प्रतिशत र उक्त सेवा प्रदान गर्न सक्ने परामर्शदाता माग गरी सूचना गर्ने गरेको पाईन्छ । यस पालिकाले सोझै खरिदको माध्यमबाट पत्रिकामा सूचना प्रकाशन गरी छुट लिएकोमा न्यूनतम प्रतिशत मात्र छुट लिने गरेको देखियो । नमुना छनौटका आधारमा परीक्षण गर्दा यस पालिकाले छपाएको विज्ञापनमा थर्ड आइ एडभरटाइजिङ एजेन्सीसँग १० प्रतिशत मात्र छुट लिई रु ४४७०७३।भुक्तानी गरेको देखियो । कार्यालयले मितव्ययीता कायम गर्न अधिकतम छुट लिन पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>तालिम गोष्ठी तथा क्षमता अभिवृद्धि कार्यक्रम
पालिकामा विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्न रुपा गाउँपालिका खर्चको मापदण्ड २०७७ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।त्यसै गरी कार्यक्रम सञ्चालनका लागि प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय गण्डकी प्रदेशले तालिम तथा कार्यक्रम सम्बन्धी खर्चको मापदण्ड समेत जारी गरेको छ ।प्रदेश तथा स्थानीय तहबाट जारी भएका मापदण्ड तथा कार्यविधि दुवैमा प्रशिक्षकलाई पारिश्रमिक भुक्तानी गर्दा कार्यपत्र संलग्न गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । तालिम, गोष्ठी, अभिमुखीकरण सञ्चालन गर्दा तालिमको उद्देश्य तथा प्रकृति बमोजिम सहभागीको नामावली संकलन, विषयवस्तुको छनौट, विषयवस्तुका जानकार र विज्ञको व्यवस्थापन, तालिम सामग्री तथा तालिम हलको व्यवस्थापनका सम्बन्धमा पर्याप्त गृहकार्य गर्नु पर्ने हुन्छ । पालिकाले विभिन्न तालिम, गोष्ठी, अभिमुखीकरण तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेकोमा अधिकांश कार्यक्रममा आवश्यकता तथा क्षमता भन्दा बढी सहभागी समावेश गरेको, कार्यक्रमको तालिका तथा विषयसूची नबनाएको, तालिमको विषयवस्तु अनुसारको विज्ञ छनौट नगरेको, कर्यपत्र तयारी नगरेको साथै प्रशिक्षकलाई कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता भुक्तानी गरेको देखियो । त्यसै गरी नर्मसको प्रयोग र पालनामा समेत एकरुपता देखिएन । सुविधा बमोजिम प्रदेश र स्थानीय तह दुवैको नर्मस बरोबरी प्रयोग गरेको देखियो ।पालिकाले स्थानीय कार्य सञ्चालन मापदण्डलाई संघ र प्रदेशकोसँग एकरुपता हुने गरी परिमार्जन गरी प्रयोग गर्ने वा प्रदेश सरकारको मापदण्ड नै प्रयोग गर्ने विषयमा स्पष्ट भइ कुनै एक मापदण्डलाई कडाइका साथ प्रयोग गर्नुपर्ने देखिन्छ ।।त्यसै गरी तालिम सञ्चालन पश्चात तालिमको उपलब्धी तथा सोवाट सिर्जित रोजगारी तथा राजश्व आम्दानी सम्बन्धमा हालसम्म कुनै प्रतिवेदन तयारी गरेको देखिदैन। हरेक वर्ष तालिम तथा कार्यक्रममा खर्च हुँदै आएकोमा सोको समिक्षा गरी उत्पादन तथा रोजगारी वृद्धि गर्ने प्रकृतिका तालिम तथा कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>गो भौ नं मिति</th><th>तालिमको विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>२०५।२०७८।०९।२७</td><td>महिला सशक्तिकरण कार्यक्रम वडा नं ५</td><td>६७२००</td></tr>
<tr><td>३८७।२०७९।०२।११</td><td>उपभोक्ता सशक्तिकरण कार्यक्रम</td><td>७०१८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>ढुवानी भाडा</td><td>४२७,८८०</td></tr>
</table>

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी निर्देशिका, २०७७ मा सार्वजनिक निकायले वार्षिक स्वीकृत कार्यक्रमा बाहेक आर्थिक दायित्व सिर्जना हुने विषयमा निर्णय गर्दा खर्चलाई थप मितव्ययीएवं नतिजामुखी बनाउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालय सामग्री, औषधी तथा अन्य जिन्सी सरसामान ढुवानीमा खर्च गरेको खण्डमा दोस्रो पक्षसँग सम्झौता गरी उक्त सम्झौताको प्रतिका साथमा ढुवानी वा अन्य निकायमा हस्तान्तरण भएको सरसामानको स्पष्ट प्रमाण (कार्यालय सामग्री खरिद भए खरिदको बिल,राहत सामग्री हस्तान्तरण भए स्पष्ट मिति खुल्ने हस्तान्तरण फारम) संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ ।नमुना छनौटका आधारमा लेखापरीक्षण गर्दा पालिकाले निम्न गो भौ नं बाट विभिन्न स्थानमा खाद्यान्न लगायत अन्य सामग्री ढुवानी वापत बाह्य सवारीधनी सँग सम्झौता गरी भुक्तानी खर्च लेखेकोमा सम्झौतामा उल्लिखित मितिमा के सामान ढुवानी गरेको नखुलाएको, हस्तान्तरण फारम संलग्न नगरेको साथै अन्य आवश्यक विवरण संलग्न गरेको देखिएन । त्यसै गरी हरेक सम्झौतामा फरक फरक दैनिक भाडा दर कायम गरेको समेत देखियो पालिकाले गरेको हरेक गाडी भाडा सम्झौतामा एकरुपता हुनु पर्नेमा सम्झौता अनुसार फरक फरक दररेटमा गाडी भाडा भुक्तानी गरेको पाइयो । पटक पटक आवश्यकता अनुसार गाडी भाडा सम्झौता गरी ठूलो रकम गाडी भाडामा खर्च गर्नु भन्दा एकमुष्ट सम्झौता गरी सोही बमोजिम प्रयोग गर्दा किफायती तथा कार्य सञ्चालन व्यवस्थित हुने देखिन्छ । यसरी प्रमाण संलग्न नगरी पटके रुपमा फरक दरमा गरेको भाडा भुक्तानी खर्च मित्व्ययी तथा नियमित नदेखिएको रु...	

गो भौ नं मिति	सवारी चालक	प्रयोजन	दैनिक भाडा दर	खर्च रकम	कैफियत
१७।२०७८।०६।१४	मनोज न्यौपाने	कोभिड पोजिटिभलाई राहत सामग्री वितरण गर्न	६६००	७९२००	
५८।२०७८।०७।०३	मनोज गुरुङ	सा सु वितरण र बजार अनुगमन	७७००	५३९००	
७९।२०७८।०७।१५	धिरेन्द्र गुरुङ	नखुलेको	६५००	३९०००	
८२।२०७८।०७।१६	आश बहादुर गुरुङ	सामाजिक सुरक्षा भत्ता वितरण	७०००	२७७८०	
११७।२०७८।०८।१३	सन्तोष खत्री	नखुलेको	२५००	१२५००	
३५१।२०७९।०१।१४		प्लास्टिक टनल र पाइप ढुवानी		६७०००	
४३०।२०७९।०२।१६	लाल बहादुर थापा	ब्याकलोडरको टायर ढुवानी	६५००	३३०००	
४१।२०७८।०६।१४	राजेन्द्रराज घिमिरे	प्रयोजन नखुलेको		११५५००	रुपाकोट अस्पतालको खर्च
जम्मा				**४२७८८०**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**वितरणमुखी खर्च** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाको समानीकरण चालुतर्फको नमुना छनौटको आधारमा केही भौचरहरुको परीक्षण गर्दा लत्ता कपडा, ब्ल्यांकेट, मेला पर्वमा सहयोग, जेसिसलाई सहयोग, खेलकुद सामग्री लयागत अन्य अनुत्पादक तथा वितरणमुखी प्रयोजनमा रु. १३ लाख हजार गरेको देखिन्छ।यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ।	
२८			**अन्य निकायको खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा यस ऐन बमोजिम राख्नुपर्ने लेखा ठीकसंग नराखेको कारणबाट कुनै हानी नोक्सानी भएमा त्यसरी हानी नोक्सानी भएको रकम जिम्मेवार व्यक्तिबाट असुल गर्ने व्यवस्था छ । पालिकाले साना किसान सहकारी संस्था मार्फत सञ्चालित भिरकोट चिस्यान केन्द्रको असार तथा साउन महिनाको विद्युत महसूल भुक्तानी गर्दा जरिवाना वापत थप दस्तुर समेत खर्च लेखेको देखियो। असार महिनाको बिल रकम रु ५८८३५ भुक्तानीमा २५ प्रतिशत रु १४१५८ थप समेत भुक्तानी गरेको छ ।नाफामूलक संस्थाको जरिवाना सहितको विद्युत महशुल पालिकाबाट भुक्तानी गर्नु नियमसम्मत नदेखिएको रु...	८३,७९७
२९			**महिला सशक्तिकरण कार्यक्रम** रुपा गाउँपालिकाको सामाजिक समावेशीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रस्तावित लागतको निश्चित प्रतिशत जनसहभागिता हुनुपर्ने व्यवस्था छ ।कार्यविधिको बुँदा नं ५ मा सम्बन्धित समूहको २५ प्रतिशत लागत बराबरको जनसहभागिता रहनुपर्ने उल्लेख भएकोमा महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत बाख्रापालन अनुदान कार्यक्रममा गैह्रागाउँ बाख्रापालन समूहकी अध्यक्ष कुन्ती खरेललाई ४०५०० को बाख्रा खरिदका लागि रु ३०३७५ भुक्तानी दिनुपर्नेमा शत प्रतिशत रकम भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु..\	१०,१२५
३०			**स्थापना दिवस तथा अध्यक्षकप संचालन खर्च**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>स्थापना दिवसका अवसरमा पालिकाले भलीबल, झाँकी प्रतियोगिता लगायतका कार्यक्रमहरु सहित भव्य समारोह आयोजनाका विभिन्न शीर्षकमा रु १८००००० बजेट खर्च गरेको छ ।समारोहमा विभिन्न प्रतियोगिताका विजयीहरुलाई नगद पुरस्कार वितरण समेत गरेको छ । प्रतियोगिताका निम्न विजयीहरुलाई कार्यपालिकाको मिति २०७८।११।११ को निर्णयले तोकेको सान्तवना पुरस्कार रकम भन्दा बढी पुरस्कार रकम वितरण गरेको साथै पुरस्कारको निर्णय नै नभएको क्रियाकलापमा समेत पुरस्कार वितरण गरेको देखिएकोले बढी भुक्तानी भएको पुरस्कार रकम(कर बाहेक) सम्बन्धितबाट असूल गरी संचित कोष दाखिला गर्नुपर्ने रु..
<table>
<tr><th>क्रियाकलाप</th><th>विजेता टिम</th><th>निर्णय भएको पुरस्कार रकम</th><th>वितरण भएको पुरस्कार रकम</th><th>असूल गर्नुपर्ने रकम</th></tr>
<tr><td>भलीबल प्रतियोगिता सान्तवना पुरस्कार</td><td>रुपा ४</td><td>३००००</td><td>४००००</td><td>१००००</td></tr>
<tr><td>झाँकी प्रतियोगिता सान्तवना पुरस्कार</td><td>देवीथान कृषक समूह</td><td>०</td><td>१००००</td><td>१००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२००००</td></tr>
</table>
</td><td>२०,०००</td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>मूल्य अभिबृद्धि करमा दर्ता नभएकोसँग खरिदःसार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार बीस हजार भन्दा माथिको खरिद गर्दा स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थापना दिवस तथा अध्यक्षकप समारोहका निम्ति आवश्यक सामग्री जस्तै ट्रफी सेट, झण्डा, फोटो फ्रेम लगायतको खरिदमा तोकिएको सिमा भन्दा बढी भुक्तानी गर्दा मू अ करमा दर्ता भएको फर्मसँग खरिद गर्नु पर्नेमा नगरेको पाइएकोले नियमको पालना नगरेको रु...</td><td>१३७,११५</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१			**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । नमुना परीक्षण गर्दा पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ८००००० तलब भत्ता भुक्तानी गरेको पाईयो । पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा पालिका कार्यालयवाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ।अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई पालिकाको आन्तरिक स्रोतको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन।पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नुपर्ने देखिन्छ।	

गो भौ न र मिति	विद्यालयको नाम	खर्च रकम
२०२।२०७८।०९।२६	विश्वशान्ति प्रविधिक विद्यालय	४०००००
५१३।२०७९।०३।२४	रामकोट प्रविधिक विद्यालय	४०००००
जम्मा		८०००००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**औषधी खरिदः** पालिकाले रु. ३०५१३१०।०० को लागत अनुमान तयार गरी इबिडिङको प्रक्रियाबाट बोलपत्र परेका ३ मध्ये सवैभन्दा घटी रु. १८८२८९९।७९ (३८.२९% घटी) कबोल गर्ने हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. सँग ठेक्का न. 7।RUPA।SQ।GOODS।2078।79 अनुसार सम्झौता गरी खरिद गरेको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः • आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि हो, होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको, • औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र अन्यत्रवाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • म्याद नाघ्न लागेका तथा म्याद नाँघी डिस्पोजल गर्नुपर्ने र गरेका औषधीको एकिकृत अभिलेख नराखेको, • पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधीहरुको सदुपयोग सम्वन्धमा अनुगमन नभएको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३३			**विद्यालयलाई बढी रकम निकासा :** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.१ मा दरबन्दी मिलानबाट कायम भएको दरबन्दी, शिक्षक कोटा अनुदान(राहत) र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ ।पालिकाले विश्वशान्ति माविलाई विद्यालयबाट माग गरिएको दोस्रो त्रैमासिकको माग फारम रुजु गर्दा आधारभुत तहको शिक्षकको तलब भत्ता माग रकम ११०६२७५ रहेकोमा पालिकाबाट ११२५७८७ रकम निकासा दिइ बढी रकम निकासा दिएको हुँदा बढी निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु	१९,५१२
३४			**विद्यालय सुधार योजना तथा लेखापरीक्षण अनुदानः** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१० मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयमध्ये आधारभुत तह सञ्चालित विद्यालयहरुका लागि प्रति विद्यालय रु १० हजार र माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्रति विद्यालय रु १५ हजारको दरले सामाजिक तथा आर्थिक लेखापरीक्षण शिर्षकमा एकमुष्ट अनुदान निकासा दिने व्यवस्था छ।यस वर्ष पालिकाले २९ वटा विद्यालयमा सामाजिक तथा आर्थिक लेखापरिक्षण बापत रु ३४००००।-निकासा गरी खर्च लेखेकोमा निकासा भएको आर्थिक वर्षको देहायका विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले सामाजिक आर्थिक लेखापरीक्षण गराइ सोको प्रमाण पेश गर्नुपर्ने रु	२९०,०००
३५			**ईन्टरनेट जडान अनुदानः** कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजीकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले भौ नं ९९।२०७९।०३।०८ बाट २९वटा विद्यालयलाई रु ३४८०००। अनुदान उपलव्ध गराएकोमा विद्यालयहरुमा इन्टरनेट जडान भएको प्रमाण पेश नभएकोले ईन्टरनेट जडान भए नभएको एकिन गर्न नसकिएको हुँदा सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा इन्टरनेट जडान नभएको विद्यालयमा निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु	३४८,०००
३६			**पाठ्यपुस्तक वितरणः** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा सामुदायिक विद्यालयका विद्यार्थीलाई पाठयपुस्तक उपलव्ध गराउँदा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराई प्रति विद्यार्थीका दरले पाठयपुस्तक उपलव्ध गराउने व्यवस्था रहेको छ । पालिकाले आ.व ०७८।७९ मा पाठयपुस्तकको लागि विद्यालयलाई खर्च लेखेको रकम र विद्यालयले वितरण गरेको पाठयपुस्तकको रकमको नमुना परिक्षण गर्दा निकासा बमोजिम वितरण नभएको देहायको विद्यालयको पाठयपुस्तकको रकम सम्बन्धित विद्यालयबाट फिर्ता गर्नुपर्ने रु	२१,४६३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३७			**बढी तलब भत्ता निकासाः** गाउँपालिकाले शिक्षकको तलव निकासा गर्दा सरुवा भएका शिक्षकहरुको तलव रमानामा उल्लेखित सरुवा मिति तथा अवकास हुने शिक्षकहरुको तलव अवकास पत्रमा उल्लेखित मितिवाट निकासा रोक्नुपर्ने देखिन्छ।विद्यालयले रामकोट माविबाट सरुवा भएका शिक्षक अशोक कुमार दासको सरुवा पश्चात पनि एक महिनाको तलब भत्ता माग गरेकोमा उक्त रकम निकासा भएकोले रमानामा उल्लेखित मिति भन्दा बढी भुक्तानी भएको एक महिनाको तलब सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु	५१,१२८
३८			**शिक्षण सिकाई अनुदानः** विद्यालय क्षेत्र सुधार कार्यक्रम कार्यान्वियन निर्देशिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.४०मा सामुदायिक विद्यालयको आधारभुत तथा माध्यमिक तहमा कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शुन्य दरबन्दी) भएका गणित,अङग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सहयोग अनुदान सम्बन्धी व्यवस्था रहेको छ । सोही बमोजिम पालिका अन्तर्गतका विद्यालयमा अनुदान कोटामा शिक्षक नियुक्त गरी मावि तहमा मासिक ३५९९० र आधारभुत तहमा मासिक २८२०स० दरले १२ महिनाको पारिश्रमिक भुक्तानि हुने भनिएकोमा शिक्षकको नियुक्ति मिति परीक्षण गर्दा १२ महिना भन्दा कम अवधि हाजिर भएका शिक्षकको तलव भत्ता निकासामा समेत एकमुष्ट ६ महिनाको पारिश्रमिक विद्यालयमा निकासा भएकोले देहायका विद्यालयमा बढी निकासा रकम असुल गरी संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु	५११,८४३

क्र स	विद्यालयको नाम	नियुक्त शिक्षक	नियुक्ति मिति	तलब निकासा	बढी निकासा रकम
१	कालिका मावि	द्रोण बहादुर खड्का	०७८।०३।०८	६ महिनाको	१८८३४७
२	रुपाज्योति मावि	शुशिल गुरुङ	०७८।१२।२२	६ महिनाको	९७१७४
		अमृत पौडेल	०७७।१२।२२	६ महिनाको	९७१७४
३	जनता मावि	हरिप्रसाद अधिकारी	०७७।१२।२०	६ महिनाको	९९५७४
		दिपेन्द्र न्यौपाने	०७७।१२।२०	६ महिनाको	९९५७४
	जम्मा रकम				५८१८४३

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**कृषि तथा पशु तर्फ अनुदानः** सरकारी अनुदान रकम वितरण, सहयोग सही एवंम समुचित तरिकाले गरी खर्च सार्वजानिकीकरण एवंम अनुमोदन हुनु पर्दछ र सो को प्रभावकारिता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन एवंम उत्पादकत्व बृद्धि भए नभएको सम्बन्धमा प्रतिवेदन तयार गर्नुका साथै अनुदान वितरण गर्दा जग्गाको स्वामित्त्व, प्रभावकारिताको विश्लेषण गरी मात्र वितरण गर्नु पर्दछ। यस वर्ष पालिकाबाट संचालित व्यक्तिगत समुहगत अनुदानका मुख्य कार्यक्रमहरु देहाय वमोजिम छनः	

गो भौ न ।मिति	विवरण	अनुदानग्राहीको नाम	रकम

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय						बेरुजु रकम

८८,२०७९।०२।२४	बाख्रा पकेट क्षेत्रको अनुदान	आदर्श एकिकृत कृषक समुह	६७९०००
१४०,२०७९।०३।२२	माछा पकेट विकास कार्यक्रमको अनुदान	रुपा माछा पालक कृषक समुह	७६५८७५
२१४,२०७९।०३।२५	लागत साझेदारीमा पशुपालन अनुदान	विभिन्न ३९ जना	७६९०००
विभिन्न	भकारो सुधार कार्यक्रम	विभिन्न ४५ जना	७८४०००
विभिन्न	पशु नश्ल सुधार कार्यक्रम	विभिन्न ४०७ जना	२०३५००
७५,२०७८।११।२२	मकैको विउ वितरण	विभिन्न	५१०९५
१७,२०७८।११।२२	असिना छेक्ने जाली (हेलनेट) खरिद तथा वितरण	विभिन््	८९४९६०
२०,२०७८।१२।२१	प्लाष्टिक टनेल खरिद	विभिन्न	४६८६३३६
१४९,२०७९।०३।१०	माछा प्रर्वद्धन कार्यक्रम वडा न ५	विभिन्न	४९९७४४
२००,२०७९।०३।२४	मौरीघार वितरण	विभिन्न	४४५३८७
४३,२०७९।०३।२४	फलामे टनेलको सामान अनुदान	विभिन्न २१ जना	४२१०००
१५४,२०७९।०३।२४	तरकारी पकेट विकास कार्यक्रम	विभिन्न	९२४७४९
जम्मा			११११२४६४६

यस सम्बन्धामा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः

क) अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलब्धी मापन गरेको छैन।अनुदानबाट प्राप्त लाभको विश्लेषण गरी आगमी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।अनुदान रकम विभिन्न तरिकाबाट साना साना कार्यक्रम बनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरि कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ। साथै अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

ख) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			ग) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा २० वा ५० प्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।	
४०			**नन्फाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तारिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले रामकोट मा. वि. को भवन निर्माण कार्यमा शुभारम्भ समृद्धी रुपा जे भि लाई दोस्रो र तेस्रो रनिङ विल वापत रु.३८३६४१९।०० भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरि हेर्दा उक्त निर्माण कम्पनी लेखापरीक्षण अवधि (२०७८।०८।२०) सम्म मिति २०७७।M।१२ वाट ननफाइलर रहेकोले मु अ कर वापतको रु.४४१३५७ रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु.	४४१,३५७
४१			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानिय तहमा सुचिकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारको प्रत्याभूति गराउन एवम सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानिय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। गाँउपालिकामा यस बर्ष प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत रु. १२७३५०००।०० रकम विनियोजन भएकोमा विभिन्न वडामा योजना छनोट गरी रु ५८६३०३२ खर्च गरेको छ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रको वडाहरुमा गोरेटो बाटो, सिढीँ निर्माण, प्रतिक्षालय निर्माण गर्ने कार्यक्रम सञ्चालन गरी यस वर्ष १२३ जनालाई रोजगारी उपलव्ध गराई ज्याला वापत रु. ४५४२५६२।०० खर्च गरेको छ।लक्षित वर्गलाई ५३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
४२			**आलु विउ क्षतिपुर्तिः** रुपाकोट साना किसान सहकारी सस्थामार्फत सञ्चालनमा रहेको कोल्ड स्टोरमा भण्डारण गरिएको ४० जना कृषकको ९९९३ के जि आलु विउ कुहिएको भनी प्रतिकेजि ५०।०० का दरले कृषकलाई रु.४९९६५०।०० क्षतिपुर्ती वापत खर्च लेखिएको छ।सहकारी सस्था आफ्ना सेयरहोल्डरहरुलाई लाभांश वितरण गर्ने उद्वेश्यले स्थापना भएको तथा पालिकाको समन्वय वेगर कोल्ड स्टोर सञ्चालन गरेकोमा क्षतिपुर्ती समेत सहकारीको आफ्नो कोषवाट भुक्तानी गर्नुपर्नेमा पालिकावाट निर्णय गरी खर्च लेख्नु उचित देखिदैन।आर्थिक वर्ष २०७६।७७ को गण्डकी प्रदेश सरकारको १५ लाख अनुदानमा निर्माण भएको कोल्ड स्टोरलाई पुन पालिकावाट क्षतिपुर्ती भनी पटक पटक रकम उपलव्ध गराउनु अनियमित देखिएको रु.	४९९,६५०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४३			**कृषि विशेष अनुदानः** नेपाल सरकार विशेष अनुदान अर्न्तगत कृषि क्षेत्रको सुदृढीकरण गर्न गाउँपालिकामा रु.८३०००००।०० विशेष अनुदान प्राप्त भएकोमा रु.६००१२९६।०० खर्च भएको देखिन्छ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ। · **आवश्यकता एकिन नगरी खरिदः** पालिकाले विशेष अनुदान शिर्षकवाट विद्युतिय वोलपत्र आह्वान गरी मेट ग्रुप प्रा लि वाट ८९४९६०।०० को २०० थान असिना छेक्ने जाली र प्राप्ती इन्टरप्राइजेज प्रा लि वाट रु.४६८६३३६।०० को ६०० थान पलाष्टिक टनेल खरिद गरेकोमा ५० थान जाली र २०७ थान पलाष्टिक टनेल लेखापरीक्षण अवधिसम्म(२०७९।०९।०१) स्टोरमा रहेको देखिन्छ।कार्यालयले खरिद गुरुयोजना वनाई खरिद मागका आधारमा मात्र खरिद कार्य गर्नुपर्दछ। · **तोकादेशवाट वितरणः** कार्यालयले सामाग्री खरिद गर्दा खरिद मागका आधारमा खरिद गुरुयोजना वनाई खरिद गर्नुपर्दछ।कृषि सामाग्री खरिद गर्दा सम्वन्धित कृषकवाट माग संकलन गरी आवश्यकता तथा औचित्यतताका आधारमा खरिद गर्नुपर्नेमा माग भन्दा वढी खरिद गरी अर्को आर्थिक वर्षसम्म पालिका अध्यक्षको तोकादेशमा वितरण गरेको छ। यस प्रकार आवश्यकता भन्दा वढी खरिद गर्ने प्रवृतीमा पुर्ण रुपमा नियन्त्रण गर्नुपर्दछ। · **वितरण गर्नुपर्नेः** कार्यालयले कृषि क्षेत्रको सुदृढीकरणको लागि प्रतिजालि रु.४४७५।०० का दरले खरिद गरेको २०० थान जालिमध्ये १५० थान वडावाट वितरण गरेको जनाएको र ५० थान स्टोरमा रहेको तथा प्रतिपलाष्टिक रु.७८१०।०० का दरले खरिद गरेको पलाष्टिमध्ये २१७ थान स्टोरमा रहेकोले उक्त कृषि सामाग्री वितरण गरी सोको निर्माणसमेतको सुनिश्चितता भएको प्रमाण पेश गर्नुपर्ने रु.	१,६९४,७७०

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>

आयुर्वेद औषधी खरिदः

सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८५ को संशोधन उपनियम १ खण्ड ख बमोजिम नेपालमा उत्पादित २५ लाख सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको पत्रिकामा तोकेको बिक्री मुल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था छ। पालिकाले नियमावलीमा भएको प्रावधान बमोजिम खरिद नगरी पटक पटक देहायका फर्म मार्फत रु. ३१४९,३६० को औषधी खरिद गरेकोले अनियमित देखिएको रु.

<table>
<tr><td>गो भौ न ।मिति</td><td>विवरण</td><td>फर्मको नाम</td><td>रकम</td></tr>
<tr><td>१०,२०७८।०६।२४</td><td>आयुर्वेद औषधी खरिद</td><td>विद्या आयुर्वेद सेन्टर</td><td>४०००००</td></tr>
<tr><td>४२,२०७८।१०।२७</td><td>आयुर्वेद औषधी खरिद</td><td>पपुलर आयुर्वेद सेन्टर</td><td>५९८५३०</td></tr>
<tr><td>४३,२०७८।१०।२७</td><td>आयुर्वेद औषधी खरिद</td><td>कुसुम कृष्ण आयुर्वेद फर्मा</td><td>२३५५००</td></tr>
<tr><td>१४५,२०७९।०३।२३</td><td>आयुर्वेद औषधी खरिद</td><td>पपुलर आयुर्वेद सेन्टर</td><td>५९८५३०</td></tr>
<tr><td>१४६,२०७९।०३।२३</td><td>आयुर्वेद औषधी खरिद</td><td>विद्या आयुर्वेद सेन्टर</td><td>१५००००</td></tr>
<tr><td>१४६,२०७९।०३।२३</td><td>आयुर्वेद औषधी खरिद</td><td>कुसुम कृष्ण आयुर्वेद फर्मा</td><td>५६६०००</td></tr>
<tr><td>२०६,२०७९।०३।३२</td><td>आयुर्वेद औषधी खरिद</td><td>विद्या आयुर्वेद सेन्टर</td><td>४२४०००</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष
३,२०७८।०६।२४</td><td>आयुर्वेद औषधी खरिद</td><td>कुसुम कृष्ण आयुर्वेद फर्मा</td><td>१७६८००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३१,४९,३६०</td></tr>
</table>

</td><td>३,१४९,३६०</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५			**छपाई कार्यमा सोझै खर्च** छपाई कार्यमा सोझै खर्चः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा–टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले वार्षिक बजेट तथा कार्यक्रम, स्थानीय पाठ्यक्रम लगायत अन्य किताब तथा छपाई सामग्रीहरु रु. १७,०२,७०९।– मा खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ। एकै प्रकृतिका सामग्रीहरुलाई एउटै प्याकेजमा लागत अनुमान तयार गरी प्रतिष्पर्धात्मिक रुपमा खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । **गो भौ नं मिति** | **खरिद विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** ४४।२०७८।०६।२४ | आम्दानी रसिद तथा नीति तथा कार्यक्रम | गोर्खाली अफसेट प्रेस | ११४६९८ १४६।२०७८।०८।२७ | वार्षिक समिक्षा वार्षिक बजेट किताब | गोर्खाली अफसेट प्रेस | ४९७२०० ३००।२०७८।१२।२३ | घर नक्सा किताब | स्पर्श डिजिटल प्रेस | ४१८१०० ४३२।२०७९।०२।२४ | शिक्षक डायरी तथा क्यालेण्डर छपाई | आदर्श अफसेट प्रेस | २४८९६१ ४४४।२०७८।१२।१५ | योजना पुस्तिका | गोर्खाली अफसेट प्रेस | ४२३७५० **जम्मा** | | | **१७०२७०९**	
४६			**समपुरक अनुदानः** पालिका र गण्डकी प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारीमा निर्माण सम्पन्न गर्ने गरी २०७७।०९।१७ मा निर्माण व्यवसायी अर्गेजा कन्ट्रक्सन संग रु.१२०४८५२८।९५ मा सम्झौता भएको वडा नं ४ र ५ जोड्ने सडक योजनामा देखिएका व्यहोरा निम्नानुसार छन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४६.१			**पुर्वनिर्धारित क्षतिपुर्ती:** रुपा गाउँपालिका र निर्माण व्यवसायिविच भएको सम्झौताको जि सि सि ५५.१ मा निर्धारित समयमा निर्माण व्यवसायिले कार्य सम्पन्न नगरेमा प्रतिदिन ०.०५ प्रतिशतका दरले पुर्वनिर्धारित क्षतिपुर्ति लगाउने व्यवस्था रहेको छ।कार्यायले निर्माण व्यवायिलाई दिएको सुरु म्याद २०७८।०२।२६ मा सकिएपश्चात प्रथम पटक असार मसान्त र दोस्रो पटक भदौ मसान्तसम्म म्याद थप गरेकोमा त्यस पश्चात म्याद थप निवेदन तथा म्याद थप भएको निर्णय देखिदैन।निर्माण व्यवसायिले असोज २० गते अन्तिम भुक्तानीको विल पेश गरेकोमा २० दिनको पुर्वनिर्धारित क्षतिपुर्ती कट्टी गरि निर्माण व्यवसायिलाई भुक्तानी गर्नुपर्नेमा नगरी भुक्तानी गरेकोले २० दिनको पुर्वनिर्धारित क्षतिपुर्ति असुल गर्नुपर्न रु.	४१,८६७
४६.२			**अनुदान फिर्ता:** रुपा गाउँपालिका र प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारीमा निर्माण गर्ने समपुरक योजनामा निर्माण सम्पन्नसम्म रु.११६२५९३५।०० खर्च भएकोमा प्रदेशतर्फको रु.८४१६८७७।०० र पालिकाको जम्मा रु.३२०९०५८।०० खर्च भएको देखिन्छ।सम्झौताअनुसार ५०।५० प्रतिशत खर्च गर्नुपर्नेमा प्रदेशतर्फको वढी खर्च भएको रकम रु.२६०३९०९।०० प्रदेश सञ्चित कोषमा फिर्ता गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.	२,६०३,९०९
४७			**टुक्रा खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७क(९) अनुसार एक आपसमा अन्तरसम्वन्धित भई प्याकेजमा काम गर्नुपर्ने प्रकृतीको निर्माण कार्यलाई खण्डिकरण गरी अलग अलग प्याकेज वनाएर उपभोक्ता समितीमार्फत कार्य गराउन नसकिने व्यवस्था भएकोमा कार्यालयले विश्वशान्ति पार्क निर्माण शिर्षकमा विनियोजित वजेटलाई देहायवमोजिम ३ उपभोक्ता समिती वनाई कार्य गरेको देखिन्छ।यसरी एउटै कार्यक्रमको लागि विनियोजित वजेटलाई खण्डिकरण गरी फरक फरक उपभोक्ता समिती गठन गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु.	१,१०३,५५५

भौ नं	उपभोक्ता समिती	रकम
३७	कोटभैरव वाटो सिँढी निर्माण उ स	४००००
३९	चिसापानी सिढी वाटो निर्माण समिती	३०३५५५
४७	तालवेशि मिहारेडाँडा सिढी निर्माण उ स	४००००
जम्मा		११०३५५५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४८			**ननफाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।कार्यलयले रामकोट रामदी मोटरवाटो निर्माण कार्यको खड्का कृष्ण वाइवा एण्ड लामा जे भि लाई ९औ रनिङ विल वापत रु.८९८१५३४।०० भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत प्यान सर्च गरि हेर्दा उक्त निर्माण कम्पनी मिति २०७९।M।१ वाट ननफाइलर रहेकोले मु अ कर वापतको रु.१०३३२७३।०० रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु	१,०३३,२७३
४९			**नर्म्समा फरकः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले सग्रवास रामकोट सडक खण्ड ढलान कार्यमा पिसिसि १:१.५:३ को भुक्तानी गर्दा सडक विभागको नर्म्स अनुसार प्रति घमि रु. १११८०।०० का दरले भुक्तानी गर्नुपर्नेमा डोलिको सुपरस्ट्रक्चरको नर्म्स प्रयोग गरी प्रति घ मि रु. १४३१६।०० का दरले भुक्तानी गरेको छ। यसरी नर्म्स फरक पारी ३३५ घ मि कामको प्रति घ मि रु.४६५९।०० का वढी दरले भुक्तानी गर्दा पालिकामा थप व्ययभार परेको रु	१,०५०,५६०
५०			**झोलुङ्गेपुल कार्यक्रमः लागतको बाडफाँडः** झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ को परिच्छेद ९ को बुदाँ नं. ९.७ मा झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत संचालित कर्यक्रमको लागि सरोकारवालाहरुको कूल लागतमा (लठ्ठा र वुल्डग ग्रिप्स समेत) छोटोतरिको नयाँ निर्माणमा नेपाल सरकार क्षेत्रगत कार्यक्रमको ७४ प्रतिशत, सम्वन्धित पालिकाको २२.६ प्रतिशत र समुदायको योगदान बढीमा ३.४ प्रतिशत गरी १०० प्रतिशत लागत व्यहोर्नु पर्ने उल्लेख छ । पालिकाले यस आ.व. मा चोरडाँडा वास्कोट झोलुङ्गेपुल निर्माणकार्यको रु.१२५०६८२।०० मुल्यांकन गरी उपभोक्ता समितीलाई भुक्तानी गरेकोमा पेश्की समेत रु.११९६९९०।०० संघिय सर्शत कार्यक्रमवाट खर्च गरेको छ।झोलुङ्गे पुल निर्माण गरेकोमा संझौतामा पालिकाको कोषबाट २२.६ प्रतिशत रकम व्यहोर्ने भनिएता पनि पुल निर्माणमा संझौता बमोजिमको २२.६ प्रतिशत रकम पालिका कोषवाट खर्च नगरी संघिय कार्यक्रमवाट नै खर्च भएको रकम पालिकावाट समयोजन प्रमाण पेश गर्नुपर्ने अन्यथा संघिय सञ्चित कोष फिर्ता गर्नुपर्ने रु	२७१,४८६

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>

परामर्श सेवा

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गरी रु. १८३००००।०० खर्च लेखेका छन् ।

भौ नं	विवरण	भुक्तानी पाउने	रकम
३१६	आवधिक योजना निर्माण	इस्टर्न रिसर्च इन्सिट्यूट एण्ड पोजिटिभ साइन्स	९०४०००
५०१	रुपाकोट अस्पताल भवन डिपिआर	म्यापर्स नेपाल प्रा लि	९२६०००
	जम्मा		**१८३००००**

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

सेवाको लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

वीमाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

वाह्य परामर्शदातावाट कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु १८२००००। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५२			**उपभोक्ता समिति छनौटः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सव सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौता बाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ ।	
५३			**पाइप खरिद भन्दा पाइपलाइन खन्ने वढीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले फेदि खानेपानी योजना वडा नं ५ लाई भौ नं १९, २७ र ८५ वाट पेश्की फछ्यौट समेत रु.७२९५४२।०० भुक्तानी भएकोमा विभिन्न साइजको ४४३० मिटर पाइप खरिद गरेकोमा ४८३० मिटर पाइपलाइन खन्नेपुर्ने कामको मुल्यांकन गरी भुक्तानी गरेकोले ४०० मिटर पाइपलाईनका काम ९६ घमिको प्रतिघमि दर रु.४६३।०० का दरले वढी भुक्तानी भएको रु. ४४४४८।०० मा उपभोक्ता अंश रु. ८८९०।०० कट्टी गरी वाँकी रकम असुल गर्नुपर्ने रु.	३५,५५८
५४			**भ्यु टावर निर्माण खर्चः** पालिकाले सरकारी रकम खर्च गर्दा अत्यावश्यक तथा आधारभुत आवश्यकताका क्षेत्रमा र उत्पादनमुलक क्षेत्रमा खर्च गर्नुपर्दछ।पालिकाले यस वर्ष वडा नं ५ स्थित कालिका भ्यु टावर निर्माण गर्न भौ नं ३५ वाट रु.३००२१६।०० भुक्तानी गरि खर्च लेखेको छ।पालिकाले यस प्रकार अनुत्पादक क्षेत्रको खर्च नियन्त्रण गर्दै उत्पादनमुलक र पुर्वाधार निर्माणमा सरकारी रकम खर्च गर्नुपर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**पाइप खरिदः** सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्यालयले यस वर्ष देव प्लाष्टिक इण्डष्ट्रिजवाट विभिन्न साइजको रु.१४५५८९२।०० को पाइप खरिद गरि भुक्तानि गरेकोमा अध्यक्षको तोक आदेशको आधारमा वितरण गरेको देखिन्छ। वितरण लाइनमा प्रयोग नहुने तथा ठुलो परिमाणमा खरिद भएको पाइपको जडान समेत नदेखिएकोले खन्ने पुर्ने तथा सम्वन्धित योजनामा प्रयोग भएको खुल्ने जडानको प्रमाण पेश गर्नुपर्ने रु	४०७,६४७

पाइपको विवरण	खरिद परिमाण	वाँकी परिमाण	वितरण परिमाण	प्रति मि दर	वितरण जम्मा
HDPE 20 mm	30000 Rm	सवै वितरण			
HDPE 32 mm	2150Rm	सवै वितरण	2150 Rm	५१.९८	१११७५७
HDPE 40 mm	1650Rm	550Rm	1100 Rm	७९.१	८७०१०
HDPE 50 mm	1000Rm	850Rm	150 Rm	११९.७८	१७९६७
HDPE 63 mm	2000Rm	450Rm	1550Rm	१२३.१७	१९०९१३
जम्मा वितरण					४०७६४७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६			**पूँजिगतबाट चालु प्रकृतिको खर्च:** **:** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा पूँजिगत शीर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुंजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन।यस पालिकाले तपशिल बमोजिमका चालु प्रकृतिका कार्यक्रम पूँजिगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च लेखेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षक बाट गर्नु वित्तिय अनुशासनको उल्लङ्घन हो।यसमा कार्यालयले सुधार गर्नुपर्दछ।	

भौ न	कार्यक्रम	रकम
४८	कृषि यान्त्रिकीकरण कार्यक्रम ५० प्रतिशत अनुदान	४००००
७५	मकैको विउ खरिद तथा वितरण	५१०९५
११५	मिटरवक्स दलित अनुदान	३५०००
१४९	माछा प्रर्वद्धन कार्यक्रम वडा नं ५	४९९७४४
१६६	टाइगर युवा क्लव खेलकुद सामाग्री	३५०००
१७७	वडा व्यवस्थापन खर्च	२७७२०
२००	मौरिघार वितरण	४४५३८७
२०२	मौरि प्रर्वद्धन कार्यक्रम अनुगमन	२००००
२१०	पशु नश्ल सुधार कार्यक्रम अनुगमन तथा वैठक भत्ता	३००००
२०९	भकारो सुधार कार्यक्रम अनुगमन तथा वैठक भत्ता	१०७०००
२१५	योजना अनुगमनमा खटिएका कर्मचारीको भत्ता	७९०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५७			**वढी दरमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्सको प्रयोग गर्नुपर्ने उल्लेख छ।यस कार्यालयले वडा नं ५ मा मोटरवाटो सरसफाई वापतको रकम भौ नं ५१।२०७८।०९।२१ वाट रु.७१९६७।०० उपभोक्ता समितीलाई भुक्तानी गरेको छ। सडक विभागको स्विकृत नर्म्स अनुसार वाटो सरसफाईको प्रति घ मि ५४ का दरले भुक्तानी गर्नुपर्नेमा रु.७४ का दरले भुक्तानी गरेकोले ११२७ घ मि कामको प्रति घ मि रु.२० का दरले वढी भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.	२२,५४०
५८			**विद्युतिय हाजिरीः** सार्वजनिक खरिद नियमावलीको नियम ५ क अनुसार सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नुपुर्व ऐनको दफा ४ वमोजिमको स्पेशिफिकेशन योजना नक्सा डिजाइन विशेष आवश्यकता तथा अन्य विवरण तयार तथा स्विकृत गरी आवश्यकता र औचित्यताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले यस वर्ष विद्युतिय हाजिरी खरिद गरी भौ नं ५० वाट साइन्टेक नेपाल प्रा लि लाई रु.४८५०००।०० भुक्तानी गरेको देखिन्छ।विद्युतिय हाजिरी सम्वन्धमा पालिकामा छलफल गर्दा कार्यालयमा विद्युतिय र म्यानुअल दुवै हाजिरी प्रयोगमा रहेको तथा विद्युतिय हाजिरीमा काज सम्वन्धमा व्यवस्था नभएकोले म्यानुअल हाजिरी समेत प्रयोग गर्नुपरेको कार्यालयको भनाई रहेको छ।यसरी खरिद पुर्वका तयारी नगरी खरिद गरेका कारण विद्युतिय हाजिरी उद्देश्यअनुरुप प्रयोग भएको देखिदैन।पालिकाले खरिदपुर्व गर्नुपर्ने सम्पुर्ण तयारी गरी पुर्ण सफ्टवेयर भएको सामाग्री खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।	
५९			**प्रतिष्पर्धा वेगर गैरसरकारी सस्थावाट कार्यः** सार्वजनिक खरिद नियमावलीको नियम ९९ मा गैरसरकारी सस्थावाट कार्य गराँउदा त्यस्तो कामको आवश्यकता किसिम समयावधि कामको गुणस्तर तथा लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको र ९९(२) मा गैरसरकारी सस्थावाट काम गराउँदा नियम १८ वमोजिम मौजुदा सुचिमा समावेश भएका गैरसरकारी सस्थालाई कम्तिमा १५ दिनको अवधि दिई राष्ट्रिय स्तर तथा स्थानीयस्तरको दैनिक समाचारमत्रमा सुचना प्रकाशन गरी सो सस्थावाट प्रस्ताव माग गरी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले रामकोट हंसपुर खानेपानी योजना सञ्चालन गर्न नेपाल रेडक्रस सोसाइटी कास्की वास संग लागत साझेदारी गर्ने गरी सम्झौता गरी आव २०७६।७७ देखि हालसम्म रु.४०८६९३९।०० खर्च लेखेको देखिन्छ।आ व २०७८।७९ मा भौ नं ६३।०७८।१०।१७ वाट रु.८९३३३१।०० भुक्तानी भएकोमा पालिकाको प्राविधिकवाट नापजाँच तथा मुल्यांकन नगरी रेडक्रस सोसाइटीवाट प्राप्त नापजाँचलाई आधार मानि भुक्तानी गरिएको छ भने निर्माण सामाग्रीको खरिद समेत रेडक्रस सोसाइटीवाट भएको देखिन्छ।यसरी सुचना प्रकाशन नगरी एवम गैरसरकारी सस्थावाट प्राप्त प्राविधिक मुल्यांकनलाई पालिकावाट प्रमाणित नगरी गरेको भुक्तानी नियमसंगत देखिदैन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६०			**उपभोक्ता समितीवाट क्रमागत योजनाः** सार्वजनिक खरिद नियमावलीको नियम ९७ मा उपभोक्ता समितीमार्फत कार्य गराउँदा जटिल प्रकृतीका नभई रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरु उपभोक्ता समितीमार्फत गराउन सकिने व्यवस्था रहेको छ।कार्यालयले ज्येष्ठ नागरिक दिवा मनोरञ्जन तथा पारिवारीक सचेताना केन्द्र निर्माणको लागि आ व २०७६।७७ मा रु.१४८६०७२।०० लागत अनुमान गरी हालसम्म कार्य गराई यो आर्थिक वर्षमा भौ नं ६५ वाट रु.४३३६८४।०० भुक्तानी गरेको छ।यसरी एक आर्थिक वर्षमा सम्पन्न नहुने तथा जटिल प्रकृतीका कार्य क्रमागत रुपमा उपभोक्ता समितीमार्फत गरी भुक्तानी गरिएको रकम अनियमित देखिएको रु.	४३३,६८४
६१			**सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको तथा वडावाट खरिद भएका सामग्रिको एकिकृत दाखिला नभएको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।	
६२			**कार्यसम्पन्न प्रतिवेदन नवनाई भौतिक प्रगतीका आधारमा भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापि कितावमा उल्लेखित वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।कार्यालयले फेदि वगरखेत किसान विद्युतिय सिञ्चाई योजना वापत भौ नं ५७।२०७८।०९।२९ वाट रु.१०००००।०० भुक्तानी दिएको छ।सिञ्चाई प्रणालिमा प्रयोग हुने विद्युतिय सामाग्रीको खरिद नेपाल विद्युत प्राधिकरणको लागत अनुमान अनुसार उपभोक्ता समितीलाई भुक्तानी दिएकोमा निर्माण सम्पन्न पश्चात लागत अनुमान अनुसार कार्य भए नभएको प्राविधिक नापजाँच नगरी भौतिक रुपमा कार्य भएको भनी भुक्तानी दिएको छ।साथै उपभोक्ता समितीलाई दिएको भुक्तानीमा १० प्रतिशत सेवा शुल्क भनी रु.९३५१।०० भुक्तानी भएको रकम असुल गर्नुपर्ने र लागत अनुमान अनुसार कार्य भएको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु.	९८,१३६
६३			**जालिको प्रयोग नखुलेकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,2076 को दफा 28 अनुसार जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सी मालसामानको सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले भौ नं ८८।०७८।१२।२० वाट 2*1*1 साइजको ७४४थान ग्याविन खरिद गरी अध्यक्षको तोक आदेशमा वितरण भएकोमा सम्वन्धित स्थानमा प्रयोग भए नभएको एकिन गर्न सकिएन। पालिकावाट तथा अन्य सार्वजनिक निकायवाट समेत कार्य गराँउदा जालिको प्रयोग गर्ने गरी उपभोक्ता समितीवाट कार्य गर्न सकिने भएकोले उपभोक्ता समितीलाई समाग्री उपलव्ध गराउँदा दोहोरो गणना समेत हुन सक्ने देखिन्छ।तसर्थ उक्त जाली कुन कुन योजनामा प्रयोग भएको हो र सोको प्रयोग भएको सुनिश्चितता हुने गरी जडान भएको नापि किताव र प्राविधिक मुल्यांकन पेश गर्नुपर्ने रु.	२,१६४,०१२

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>फाउण्डेसनको काममा सुपरस्ट्रक्चरको दर:
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।यस पालिकाले देहायवमोजिम उपभोक्ता समितिबाट कार्य गरेकोमा सव स्ट्रक्चरको काममा सुपरस्ट्रक्चरको दर राखि भुक्तानी गरेकोले वढी दरमा भुक्तानी भएको रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>योजनाको नाम</th><th>काम</th><th>हुनुपर्ने दर</th><th>भुक्तानी दर</th><th>वढी दर</th><th>वढी भुक्तानी</th></tr>
<tr><td>१७२</td><td>तल्लो डिहि कुलो मर्मत</td><td>Pcc 1:2:4, २०.७३ घ मि</td><td>१२१८८</td><td>१२९३८</td><td>७५०</td><td>१५५४७</td></tr>
<tr><td>२०४</td><td>ककरह निसको मुहान सडक मर्मत</td><td>Pcc 1:2:4, १४.७६ घ मि</td><td>१२१८८</td><td>१२१३८</td><td>७५०</td><td>११०७०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>२६६१७</td></tr>
</table></td><td>२६,६१७</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>एक शिक्षक एक ल्यापटप कार्यक्रमः
आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी कितावमा आम्दानी वाँधी लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ।कार्यालयले एक शिक्षक एक ल्यापटप साझेदारी कार्यक्रम गरी प्रतिशिक्षक रु.१५०००।०० का दरले ल्यापटप खरिद गर्न आ व २०७७।७८ मा ६९ जनालाई र आ व २०७८।७९ मा २३ जनालाई गरी जम्मा ९२ जनालाई रु.१३८००००।०० खर्च लेखेकोमा ल्यापटप कार्यालय वा विद्यालयको नाममा नभई व्यक्तिको नाममा रहेको देखिन्छ।यसरी सरकारी रकमवाट खरिद भएको सामाग्री कार्यालयको नाममा सार्वजनिक सम्पतीको रुपमा दाखिला गरि सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु. साथै वागेश्वरी आधारभुत विद्यालयमा एक शिक्षकले ल्यापटप आफैले प्रयोग गरी विद्यालयको खातामा रकम दाखिला गरेको जानाकारी गराएकोमा उक्त रकम पालिकामा दाखिला नभएकोले सम्वन्धित विद्यालयवाट असुल गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ।</td><td>१,३८०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>नपुग उपभोक्ता अंशः
रुपा गाउँपालिकाको कृषि क्षेत्रसंग सम्वन्धित कार्यक्रम कार्यान्वयन निर्देशिका २०७७ को आर्थिक पक्षमा छनौट भएका अनुदानग्राहीले अनुदान स्वरुप कृषिका लागि आवश्यक अन्य यन्त्र तथा उपकरणहरुका लागि पेश गरेका यन्त्र तथा उपकरणहरुका लागि पेश गरेका विल भरपाईका आधारमा वढिमा ५० प्रतिशत अनुदान पाउने व्यवस्था भएकोमा कार्यालयले देहायवमोजिम कृषि उपकरण उपलव्ध गराउँदा उपभोक्ता समिती तथा योजना वनाई शत प्रतिशत अनुदान दिएकोले कार्यविधी अनुसार ५० प्रतिशत रकम असुल गरि सञ्चित कोष दाखिला गर्नुपर्न रु.
<table>
<tr><th>भौ नं</th><th>कार्यक्रम</th><th>अनुदान पाउने सस्था</th><th>विल रकम</th><th>५० प्रतिशत रकम</th></tr>
<tr><td>१०२</td><td>सेलर मिल मेसिनरी</td><td>चिसापानी सेलर मिल निर्माण उ स</td><td>२७२०००</td><td>१०८८००</td></tr>
<tr><td>१०३</td><td>चिलिङ भ्याट मेसिन</td><td>इन्द्रेणि कृषक समुह</td><td>४००००</td><td>२००००</td></tr>
<tr><td>२०६</td><td>पानि तान्ने मोटर</td><td>फेदि वगर खेत किसान समुह</td><td>७५०००</td><td>२७५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१५६३००</td></tr>
</table></td><td>१५६,३००</td></tr>
<tr><td>६७</td><td></td><td></td><td>वालको वेश भन्दा वढी मापनः
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले विश्वशान्ति मा वि घेरावार कार्यमा रिटेनिङ वाल निर्माण कार्यमा वालको वेश खन्ने, सोलिङ गर्ने, वेश पिसिसि गर्ने कार्य ६१ मिटरको गरेकोमा रिटेनिङ वालको मापन ६२.४ मिटर मुल्यांकन गरी भुक्तानी गरेको देखिन्छ।यसरी वाको वेश भन्दा वढी परिमाणमा पर्खालको लम्वाई कायम गरी भुक्तानी भएको १.४७ घ मि कामको वढी भुक्तानी भएको रकम असुल गरि दाखिला गर्नुपर्ने रु.</td><td>१२,४६२</td></tr>
<tr><td>६८</td><td></td><td></td><td>घटी परिमाण उत्खननः
आर्थिक वर्ष २०७८।७९ र ७९।८० को लागि रुपा गाउपालिका भएर बग्ने मादी नदी, आपूखोला, विर्दीखोला, पस्तेखोला तथा अन्य खोलाहरुको बगर क्षेत्रबाट ढुङ्गा गिट्टी र वालुवाको दिगो संकलन उत्खनन कार्यको लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०७८ मा प्रत्येक वर्ष उत्खनन गर्न सकिने परिमाण निर्धारण गरिएको छ। जस अन्तर्गत विभिन्न ४ वटा वगरहरुमा वार्षिक जम्मा हुने परिमाण ५०३४० घनमिटर भएकोमा उत्खनन गर्न सकिने परिमाण जम्मा भएको परिमाणको ९०% प्रतिशत मात्र उत्खनन गर्न सकिने प्रतिवेदनमा उल्लेख भएको छ। पालिकाले उक्त ४ वगरमा दैनिक रुपमा उत्खनन गर्न सकिने परिमाण र उत्खनन गर्न सकिने दिनलाई आधार मानि १९५७६ घनमिटर मात्र उत्खनन गर्ने गरी मिति २०७८।१२।२० मा सूचना प्रकाशन गरेको तथा सोही बमोजिम कर संकलन गरेको पाइयो। सूचनामा आव्हान गरेवमोजिमको मात्र परिमाण उत्खनन भयो भन्ने आधार नरहेको र त्यस सम्बन्धमा पालिकाले ध्यान नदिएको देखियो। यसरी तोकिएको भन्दा घटी परिमाणमा नदिजन्य पदार्थको उत्खननबाट पालिकाको आन्तरिक आय घटेको देखिन्छ।यस सम्बन्धमा पालिकाले सम्बन्धित पदाधिकारीलाई जिम्मेवारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>राजश्व ढिला दाखिलाः
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न वाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको विभिन्न वडाबाट संकलन गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला नगरी अर्को महिना तथा केहि २।३ महिना पश्चात मात्र दाखिला भएको देखिन्छ। संकलन भएको राजस्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्छ।</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण:</td><td></td></tr>
<tr><td>७०.१</td><td></td><td></td><td>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्वनियमावली २०७७ मा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था रहेको छ । यस कार्यलयले २०७८।७९ को आर्थिक कारोबारको वर्षको अन्त्यमा आन्तरिक लेखापरीक्षण गराएको छ । आन्तरिक लेखापरीक्षणवाट देखिएको वेरुजुलाइ हालसम्म कार्यालयले फछ्र्योट गरेको छैन । अतः उक्त रकम असुल फछ्र्योट गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>वेरुजुको व्यहोरा (प्रमाण पेश गर्नुपर्ने)</th><th></th></tr>
<tr><td>१०</td><td>हाम्रो खाजा घरलाई रकम भुक्तानी भएकोमा कार्यालयको वैठक निर्णय र न्यायिक समितिको माइन्युट समावेश गर्नु पर्ने</td><td>८२३७०</td></tr>
<tr><td>१७</td><td>रुपा गापा र सवारी चालक श्री मनोज न्यौपाने बिच भएको करार सम्झौतामा कार्यापालिकाको निर्णय अनुसार दैनिक रकम रु ६६०० दिने भनिएको तर कार्यपालिकाको निर्णय समावेश नभएको ।</td><td></td></tr>
<tr><td>१८</td><td>रुपाताल गार्डेन एण्ड रेष्टुरेन्टलाई वार्षिक समिक्षा कार्यक्रमको रकम भुक्तानी भएकोमा सहभागीको उपस्थिति तथा वैठक निर्णय समावेश गर्नुपर्ने देखिएको ।</td><td>५९१००</td></tr>
<tr><td>८</td><td>झरना रेष्टुरेन्टलाई योजना अनुगमन वापत रकम भुक्तानी गरिएको तर योजना अनुगमन गरेको प्रतिवेदन पेश नगरेको ।</td><td>३८१७७</td></tr>
<tr><td>४६</td><td>प्रहरी हवल्दार श्री तेज वहादुर मगरलाई भुक्तान गरिएको रकमको कार्यपालिकाको वैठक निर्णय पेश गर्नुपर्ने</td><td>२४००</td></tr>
</table></td><td>४५१,२६७</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
					०	
			५८	रुपा गापा र सवारी चालक श्री मनोज कुमार गुरुङ विच भएको करार सम्झौतामा कार्यपालिकाको निर्णय अनुसार दैनिक रकम रु ७७०० दिने भनिएको तर कार्यपालिकाको निर्णय समावेश नभएको ।		
			६८	अनिता सुनारलाई भुक्तानी भएको रकमको विल भरपाई पेश नभएको	१००००	
			७४	सुक वहादुर थापा मगरलाई भुक्तानी भएको रकमको विल भरपाई पेश नभएको	७०००	
			१००	गोल्डेन आइ टेलिभिजनलाई भुक्तानी भएको रकमको सम्झौता पत्र समावेश नभएको ।	१००००	
			१०६	निमा गुरुङ खाजा घरलाई रकम भुक्तानी भएकोमा कार्यक्रमको सहभागी उपस्थिति र निर्णय समावेश नभएको	११४६०	
			१३६	रिसिङ अध्यक्ष कप खुला पालिका स्तरिय भलिबल प्रतियोगितामा सहभागी हुने खेलाडिको विवरण समावेश नभएको	१००००	
			१६९	सूर्य तारा क्लवलाई भुक्तानी भएको रकमको विल भरपाई नभएको	५५००	
			१७१	घुम्ती रेष्टुरेन्टलाई कार्यक्रममा खाजा खुवाइएको रकम भुक्तानी भएकोमा कार्यक्रममा सहभागिको उपस्थिति तथा कार्यक्रमको विवरण नखुलेको	२०४००	
			१८५	रुपाताल गार्डेन एण्ड रेष्टुरेन्टलाई कार्यक्रम रकम भुक्तानी भएकोमा सहभागीको विवरण नरहेको	२७५५०	
			२३६	दुरान भान्सा घरलाई कार्यक्रम खर्च रकम भुक्तानी भएकोमा सहभागीको उपस्थितको निर्णय माइन्युट समावेश नभएको	६५७१०	
			४७९	श्री वर्द्रीनाथ सुवेदिलाई स्वास्थ्य चौकी व्यवस्थापन वापतको रकम दिदा माग फाराम नभरेको र सामानको दाखिला नभएको ।	८००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय			बेरुजु रकम
				जम्मा प्रमाण पेश गर्नुपर्ने रकम	४५१२६७	
७०.२				वेरुजुको व्यहोरा (असुल गर्नुपर्ने)		११,०५०
			१	खर्चको मापदण्ड विपरित वडा नं ३ मा वडा वैठकको रकम भुक्तानी गर्दा बढी रकम भुक्तानी भएको र वडा अध्यक्ष श्री मुकुन्द वंशीले पेश गरेका भ्रमण आदेश विल र विल स्विकृत गर्नुपर्ने ।	३४००	
			१५८	वडा नं ७ को वडा खर्च भुक्तान गर्दा रुपा खर्च मापदण्ड विपरित विसाल कार्की र मनोज सुवेदीलाई ९ वटा वैठकको ५०० दरले हुन आउने रकममा कर कट्टी गरी बढी भुक्तान भएको र दाखिला प्रतिवेदन प्रमाणित भ्रमण आदेश स्वीकृत गर्नुपर्ने ।	७६५०	
				जम्मा असुल गर्नुपर्ने रकम	११०५०	